आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : माथागढी गाउँपालिका, पाल्पा , माथागढी गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिनेश ज्ञवाली	२०७८-७-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	सन्तोष दाहाल	२०७८-७-२५	
		बेरुजु रकम	६१,१६५,०७९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७,८८,५०,८११.१२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४०,६०,६७,०००	**चालु खर्च**	२९,७३,३९,२०२.२
प्रदेश सरकारबाट अनुदान	३,४५,५२,०००	**पूँजीगत खर्च**	२०,८७,५४,३८४.८
राजश्व बाँडफाँट	१०,६८,१८,८७१.२	**वित्तीय/अन्य व्यवस्था**	१७,१८,०९,२३८.३
आन्तरिक आय	२,३०,४४,३८४.३२		
अन्य आय	१४,१९,१०,७८१.१		
कुल आय	७१,२३,९३,०३६.६२	**कुल खर्च**	६७,७९,०२,८२५.३
बाँकी मौज्दात		११,३३,४१,०२२.३९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय:** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकिय अधिकार नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ । सोही अधिकार बमोजिम स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले माथागढी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको प्रमुख उद्देश्य रहेको छ । यस माथागढी गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, २१५.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार २४ हजार २४ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणको सिमा र क्षेत्र:** उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन र पेश भएसम्मका अन्य विवरण समेतलाई आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा आधारित तथा NAMS ले निर्धारण गरे बमोजिम नमूना छनौट गरी जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण पश्चात कार्यालयलाई उपलब्ध गराईएको मस्यौदाउपरको छलफलमा व्यवस्थापनबाट पेश भएका पुष्ट्याई, प्रमाण र जवाफका आधारमा निम्नानुसारका व्यहोरा कायम गरिएको छ ।	
३			**एकिकृत आर्थिक विवरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम माथागढी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको आर्थिक वर्ष २०७८/७९ को संक्षिप्त अवस्था निम्नानुसार रहेको छः	

सि.नं	**आयतर्फ**			**सि.नं**	**व्ययतर्फ**		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१	गत वर्षको जिम्मेवारी		७८८५०८११	१	चालु खर्च	२९७३३९२०२	२९७३३९२०२
	क. नगद	०		२	पूँजीगत खर्च	२०८७५४३८५	२०८७५४३८५
	ख. बैंक	७८६७१६५८		३	प्रकोप व्यवस्थापन खर्च	२७८४७०९	२७८४७०९
	ग. विविध खर्च खाता	१७९१५३		४	धरौटी फिर्ता	१०७००००	१०७००००
२	राजस्व (आन्तरिक आय)		१२९८६३२५६	५	जनश्रमदान फिर्ता	०	०
	क. आन्तरिक राजस्व	२३०४४३८४		६	कोष फिर्ता		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	ख. राजस्व बाँडफाँड	१०६८१८८७१		७	संचित कोष मौज्दात		९७६१६६०४	बेरुजु रकम
			३	संघ बाट प्राप्त		४०६०६७०००		क. चालु खाताबाट फिर्ता	२८६५७६३६		
				क. वित्तीय समानीकरण अनुदान	१०६९०००००			ख. पुजीगत खाताबाट फिर्ता	६३४९४४९४		
				ख. सशर्त अनुदान	२६६७६७०००			ग. आन्तरिक राजश्व बाट	२०५८५४५		
				ग. समपूरक अनुदान	२०८०००००			घ. विभाज्य कोषबाट	३४०५९३०		
				घ. विशेष अनुदान	११६०००००		८	शसर्त अनुदान फिर्ता			
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३४५५२०००	९	अन्तर सरकारी तहबाट		१२३९२५७२४	
				क. वित्तीय समानीकरण अनुदान	५००८०००			एकिकृत स्वास्थ्य पूर्वाधार विकाश कार्यक्रम	१७९१९३०७		
				ख. सशर्त अनुदान	८५४४०००			सामाजिक सुरक्षा तथा संरक्षण	१०२८२९०९०		
				ग. समपुरक अनुदान	१५००००००			गरिवसंग विशेश्स्वर कार्यक्रम	१२५४०००		
				घ. विशेष अनुदान	६००००००			श्रम तथा रोजगार कार्यक्रम	३०००००		
			५	अन्तर सरकारी तहबाट प्राप्त		१२३९२५७२४		नवप्रवर्तन साझेदारी कोष	१६२३३२७		
				एकिकृत स्वास्थ्य पूर्वाधार विकाश कार्यक्रम	१७९१९३०७		१०	जनश्रमदान मौज्दात	०	०	
				सामाजिक सुरक्षा तथा संरक्षण	१०२८२९०९०		११	धरौटी मौज्दात	७२१४३७८	७२१४३७८	
				गरिवसंग विशेश्स्वर कार्यक्रम	१२५४०००		१२	निकाशा फिर्ता		४४०२८८०५	
				श्रम तथा रोजगार कार्यक्रम	३०००००			संघीय सरकार	३८३१२३६०		
				नवप्रवर्तन साझेदारी कोष	१६२३३२७			प्रदेश सरकार	५७१६४४५		
			६	धरौटी आय		८२८४३७८	१३	प्रकोप व्यवस्थापन मौज्दात	२३५०८४६	२३५०८४६	
				गत आ ब को मौज्दात	१९८७३२६		१४	आकस्मिक कोष मौज्दात	५६२३७३४	५६२३७३४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	चालु आ व को आम्दानी	६२९७०५२		१५	विविध कोष मौज्दात	५३५४६०	५३५४६०
७	आकस्मिक कोष		५६२३७३४				
	गत आ ब को मौज्दात	३१७२८०६					
	चालु आ व को आम्दानी	२४५०९२८					
८	विविध कोष		५३५४६०				
	गत आ ब को मौज्दात	१८२४६०					
	चालु आ व को आम्दानी	३५३०००					
९	विभाज्य कोष आय	३४०५९३०	३४०५९३०				
१०	प्रकोप व्यवस्थापन		१३५५५५				
	गत आ व को मौज्दात	१३५५५५					
जम्मा		**७९१२४३८४८**	**७९१२४३८४८**	**जम्मा**		**७९१२४३८४८**	**७९१२४३८४८**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**लेखापरीक्षणको क्रममा असुली:** लेखापरीक्षणको क्रममा प्रकोप व्यवस्थापन कोष अन्तर्गत वितरण भरपाई नभएको रु.२०००० र वडा नं. २ को कम राजश्व दाखिला भएको रकम ५४५८ स्थानीय संचित कोषमा दाखिला भएको छ ।	
५			**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन: • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन । • पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको छैन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । • विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । • पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन । • खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पालना गर्नलाई स्थायी प्रकृतिको कागजात तयार गरी कार्यान्वयन गरेको छ । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन । • वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन । • कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन । • कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यादिश दिई समयमै कार्यसम्पादनमा जोड दिनुपर्नेमा सो भएको छैन । • सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ को प्रयोग कार्यान्वयन ल्याएको छैन् । • सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन । यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । उपरोक्त बुँदा समेत पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**म.ले.प. फारामको प्रयोग:** **(क) सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन । **(ख) भ्रमण तथा भ्रमण खर्चको अभिलेखः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको लागि भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको भ्रमण अभिलेख नराखेको सथै म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेको छैन । **(ग) बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा तोकिए बमोजिमको अभिलेख राखेको छैन। साथै अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक गरेको छैन । **(घ) सवारी साधन**: म.ले.प फारामले तोके बमोजिमका सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन । तोकिएबमोजिम निर्धारित ढाँचामा म.ले.प.फारामको प्रयोग गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>

चौमासिक खर्च:

पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च(रु.हजारमा)</th><th colspan="3">चौमासिक खर्च(रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोश्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>गाउँपालिका पूँजीगत</td><td>१५६९९०</td><td>१५७६०</td><td>४९३३५</td><td>९१८९४</td><td>५८८८४</td></tr>
<tr><td>२</td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>३८७२८</td><td>०</td><td>६५४७</td><td>३२१८१</td><td>३११८०</td></tr>
<tr><td>३</td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>१३०३७</td><td>०</td><td>१६५५</td><td>११३८२</td><td>९२५३</td></tr>
<tr><td colspan="2">जम्मा खर्च</td><td>२०८७५५</td><td>१५७६०</td><td>५७५३७</td><td>१३५४५७</td><td>९९३१७</td></tr>
<tr><td colspan="2">खर्च प्रतिशत</td><td>१००</td><td>७.५५</td><td>२७.५६</td><td>६४.८९</td><td>४७.५८</td></tr>
</table>

पालिकाले आर्थिक वर्ष २०७८।७९ मा गरेको कूल पूँजीगत खर्चमध्ये प्रथम चौमासिकमा ७.५५ प्रतिशत, दोश्रो चौमासिकमा २७.५६ प्रतिशत, तेश्रो चौमासिकमा ६४.८९ प्रतिशत र आषाढ महिनामा मात्र कूल खर्चको ४७.५८ प्रतिशत खर्च गरेको छ । वर्षान्तमा छोटो समयमा कार्य गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>

वित्तिय विवरण:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र)बाट प्राप्त हुने म.ले.प.फा.नं. २७२ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**क्षेत्रगत बजेट र खर्च:** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ ।	

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च प्रतिशत	क्षेत्रगत खर्च प्रतिशत
आर्थिक विकास	४६७६४८००	३१०२६४२३	६६.३४	६.०७
सामाजिक विकास	३३१७४१०००	२८७९८५४५०.४६	८६.८१	५६.३१
पूर्वाधार विकास	१६०१७८७४०	११२१६१६७९.४१	७०.०२	२१.९३
सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	१६०९००००	११६६८६८५	७२.५२	२.२८
कार्य सञ्चालन तथा प्रशासनिक	७९१७७२६५	६८६०१३७४.१४	८६.६४	१३.४१
जम्मा	**६३३९५१८०५**	**५११४४३६१२.०१**	**८०.६७**	**१००**

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार पूर्वाधार विकासको क्षेत्रमा सबैभन्दा कम ७०.०२ प्रतिशत र सामाजिक विकास क्षेत्र अन्तर्गत सबैभन्दा बढी ८६.८१ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६.३१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम २.२८ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**योजना तथा निर्माण**	
१०.१			**खरिद गुरुयोजना र योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को व्यवस्थाबमोजिम खरिद गुरुयोजना र नियम ८ बमोजिम बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रक्रियाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धीत निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले नियमावलीको व्यवस्था अनुसार खरिद योजना तयार गरेको छैन । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउन नियमावलीको व्यवस्था पालना हुनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>योजना र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी ३२० भन्दामाथीका सानासाना र टुक्रे योजनालाई बजेट विनियोजन गरेको छ । जम्मा ३४० योजनामध्ये १७ वटा निर्माण व्यवसायीबाट र ३२३ वटा उपभोक्ता समितिबाट कार्य गराएको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि प्राप्त गर्न कठिन हुने हुँदा कम संख्या र प्रतिफलमुखी योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु एक लाखसम्मका योजना</td><td>११९</td></tr>
<tr><td>२</td><td>रु एक लाखदेखि पाँच लाखसम्मका योजना</td><td>१५९</td></tr>
<tr><td>३</td><td>रु पाँच लाखदेखि दश लाखसम्मका योजना</td><td>३१</td></tr>
<tr><td>४</td><td>रु दश लाखदेखि विस लाखसम्मका योजना</td><td>१४</td></tr>
<tr><td>५</td><td>रु विस लाखमाथीका योजना</td><td>१५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>निर्माण कार्य: सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्य नै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । गाउँपालिकाले अधिकांश योजना उपभोक्ता समिति मार्फत गराएको र उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण हुन सकेको छैन । प्रतिष्पर्धात्मक विधिबाट निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य गराई खर्चमा पारदर्शीता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>गुणस्तर परीक्षण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.५</td><td></td><td></td><td>सार्वजनिक परीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको पक्ष सवल नहुने गर्फ ध्यान दिई सामाजिक परीक्षण व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कानून तथा न्याय</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.१			**कानून निर्माण र सञ्चालन स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानून बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ४ वटा नियमावली, २३ वटा कार्यविधि, ९ वटा विधेयक, १ वटा आचार संहिता, १ वटा निर्देशिका र २ वटा मापदण्ड समेत ३४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको जनाएको छ । पालिकाले निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन नगरेको तथा दैनिक कार्यसञ्चालनमा त्यसको उपयोग गरेको छैन । निर्मित कानूनी व्यवस्थालाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
११.२			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको उजुरीको विवरण अनुसार यस वर्ष २ वटा दर्ता भएकोमा १ वटा अधिकार क्षेत्रभित्र नपरेको र १ वटा हेरचाह सम्बन्धमा उजुरी परेकोमा मेलमिलाप भई फर्स्यौट भएका छन ।	
१२			**बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उप-प्रमुख श्री निर्मला भट्टराईले २०७८/०३/०९ गते रु.६० करोड ७५ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७/०३/०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/०३/..... मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान भएको छ ।	
१३			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
१३.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३४ जना स्थायी पदपूर्ती भएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । रिक्त पद यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१३.२			**कर्मचारी करार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ६० जना कर्मचारी करारमा राखी रु.२०८०५१७९.०० खर्च लेखेको छ । करार कर्मचारीलाई आवश्यकताका आधारमा मात्रै परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.३			**तलबि प्रतिवेदनः** कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आर्थिक वर्षको शरुमै तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिका भित्र रहेको स्थानीय तहका र निजामती सेवाका कर्मचारीको आर्थिक वर्ष २०७८।७९ को तलबी पारित नगराई रु. ४५ लाख २२ हजार तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी लेखेको तलब भत्ता र ग्रेडको वास्तविक रकम यकिन नहुने हुँदा तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।	
१४			**खर्च विश्लेषण:** पालिकाले यसवर्ष आन्तरिक आयबाट रु.२३०४४३८४, राजस्व बाँडफाँड र अनुदानबाट रु.५४७४३७८७१ समेत रु. ५७०४८२२५५ आम्दानी भएकोमा चालु तर्फ रु. २९७३३९२०२ र पूँजीगततर्फ रु.२०८७५४३८५ समेत रु. ५०६०९३५८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.५५ प्रतिशत रहेको छ । पदाधिकारी सुबिधामा यस वर्ष रु.८४६९४८३ खर्च हुँदा यो खर्च आन्तरिक आयको ३६.७५ प्रतिशत हो । पालिकालाई प्राप्त भएका सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.७५ प्रतिशत चालु र ४१.२५ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै राजस्वका क्षेत्रहरु पहिचान गर्ने, पहिचान भएका क्षेत्रको राजस्व संकलन प्रभावकारी बनाई पालिकाको आय अवस्थालाई सुदृढ गर्नुपर्दछ ।	
१५			**आर्थिक सहायता:** गाउँपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्याविधिले निर्धारण गरेको मापदण्ड बमोजिम आर्थिक सहायता भुक्तानी गर्न सक्ने व्यवस्था छ । पालिकाले मापदण्ड नबनाई रु.७४४५१० खर्च सम्बन्धितहरुको निवेदनमा अध्यक्षको तोकादेशका आधारमा पटके निर्णय गरी आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि नबनाई गरीने वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
१६			**आन्तरिक लेखापरीक्षण:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८४ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भई विगतमा पदपूर्ती समेत भएको अवस्थामा कर्मचारी सरुवा भएपश्चात आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । वित्तिय समानिकरण, राजश्व वाँडफाँड लगायत सबै कारोवारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र श्रम बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई व्यवस्थित गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>पेश्की बाँकी:
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) साथै नियम ५१ मा म्याद नाघेको पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत असुल गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकामा निम्न २ उपभोक्ता समितिको पेश्की आर्थिक वर्षको अन्त्यसम्ममा पनि फस्र्यौट नभई फस्र्यौटको म्याद नाघेको छ । फस्र्यौट नभई बाँकी रहेको पेश्की नियमावली बमोजिम फस्र्यौट गर्नु पर्ने रु.
<table>
<tr><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th>म्याद नाघेको पेश्की</th></tr>
<tr><td>झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो स्तरोन्नति वडा नं. ६</td><td>झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो स्तरोन्नति वडा नं. ६</td><td>१६०००००</td></tr>
<tr><td>सरापकोट खानेपानी योजना</td><td>सरापकोट खानेपानी उपभोक्ता समिति</td><td>२५५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८५५०००</td></tr>
</table></td><td>१,८५५,०००</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>सिकाई केन्द्र अनुदान:
कार्यालयले सामुदायिक सिकाई केन्द्रका लागि निम्नानुसार संचालन खर्च दिएको छ । अनुदानको स्वरुपमा सञ्चालन खर्च भुक्तानी दिएकोमा सम्बन्धित केन्द्रबाट तोकिए बमोजिमको क्षेत्र र शर्त बमोजिम कार्य भएको यकिन हुने गरी प्रगति प्राप्त गरेको वा प्राप्त प्रगतिमा उल्लेख भए बमोजिम उपलब्धिको विश्लेषण गर्ने गरेको छैन । केन्द्रहरुलाई अनुदान उपलब्ध गराए पश्चात प्रगति एंव उपलब्धिको विश्लेषण गर्नुका साथै तोकिएको शर्त बमोजिम खर्च भएको यकिन हुने प्रमाण कागजात पेश गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>इन्देणी समाज केन्द्र</td><td>११२२१५</td></tr>
<tr><td>२</td><td>कसेनी सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>चिदीपानी सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>झडेवा सामुदायिक सिकाई केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७१२२१५</td></tr>
</table></td><td>७१२,२१५</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>आन्तरिक राजस्वतर्फ:</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>कर तथा शुल्क असुली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा यस पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	आम्दानी शीर्षक	अनुमान	आम्दानी	लक्ष्यको तुलनामा आम्दानी प्रतिशत
१	एकीकृत सम्पती कर	१००००	०	0.0%
२	भुमिकर/मालपोत	५०००००	५०१६९८.५	100.3%
३	घरवहाल कर	४१००००	३०६१४८.८५	74.7%
४	वहाल विटौरी कर	१००००	०	0.0%
५	सवारी साधन कर (साना सवारी)	१००००००	२२६४४०	22.6%
६	अन्य संस्थागत आन्तरिक अनुदान (जिसस)	४७५००००	२८७००००	60.4%
७	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	१००००	०	0.0%
८	परीक्षा शुल्क	१०००००	९६३००	96.3%
९	अन्य प्रशासनिक सेवा शुल्क	१५००००	३०५०००	203.3%
१०	नक्सापास दस्तुर	५०००००	१६८२९३.४७	33.7%
११	सिफारिश दस्तुर	१००००००	१०७१७४५	107.2%
१२	व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००	३४७९३०	116.0%
१३	नाता प्रमाणित दस्तुर	१०००००	१०१३००	101.3%
१४	अन्य दस्तुर	१४८४९८०५	१५६९६५१७.५	105.7%
१५	व्यावसाय रजिष्ट्रेशन दस्तुर	३०००००	४०२०७०	134.0%
१६	प्रशासनिक दण्ड जरिवाना र जफत	१००००	२४७१०	247.1%
जम्मा		**२३९९९८०५**	**२२११८१५३**	**92.2%**

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			उपरोक्तानुसार पालिकाले आर्थिक वर्ष २०७८/७९ मा रु. २३९९९८०५ असुली हुने अनुमान गरेकोमा रु.२२११८१५३ अर्थात अनुमानको ९२.२ प्रतिशत आय संकलन गरेको छ । कतिपय आम्दानी शिर्षकमा असुली शुन्य र न्यून देखिएकोले आय व्यवस्था सुदृढ गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
१९.२			**वन दस्तुर:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।	
१९.३			**दाखिला बाँकी:** माथागढी गाउँपालिकाको बडा नं. १ को आम्दानी प्रतिवेदन अनुसार नगदी रसिदमार्फत रु. ३०५४१७ र मालपोत रसिदमार्फत रु. ३१८००० राजस्व संकलन गरी आम्दानी बाँधेको छ । वडाले संकलन गरेर अभिलेख राख्ने दैनिक आम्दानी खाता बमोजिम नगदि रसिदमार्फत रु. ३५०३२२ र मालपोत रसिदमार्फत रु. ३२०५०० राजस्व संकलन गरेको छ । उक्त अभिलेख बमोजिम रु. ४७४०५ राजस्व कम बुझाएकोले सम्बन्धित वडा सचिवबाट असुल गरी दाखिला प्रमाण पेश गर्नु पर्ने रु.	४७,४०५
१९.४			**रसिद नियन्त्रण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ को उपदफा २क मा पालिकाले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम सञ्चित कोषमा दाखिला गर्ने ब्यवस्था छ । माथागढी गाउँपालिकाले आफ्नो र वडाबाट बर्षभरी के कति राजस्व उठेको छ यकिन गरी आम्दानी बाध्नु पर्नेमा वडा १ देखी ८ सम्म कति कति नम्बरको कति वटा नगदी रसिद र मालपोत रसिदको ठेली पठाएको थियो सोबाट के कति राजश्व उठ्यो, सोको अर्धकट्टी र कति ठेली बाँकी रह्यो सोको अद्यावधिक नगरेको र कतिपय ठेलीहरु फिर्ता नआएको पाइयो । वडाहरुले राजस्व उठाइ दिएको नगद आम्दानीलाई नै आधिकारिक मानी सोही अनुसार राजस्व आम्दानी बाँधेको पाइयो । वडाहरुले अघिल्लो आर्थिक वर्षहरुमा लगेको रसिदहरु पनि प्रयोग गरी राजस्व उठाएको भर्पाइ सहित पालिकामा बुझाएको र सोही बमोजिम पालिकाले आम्दानी बाँधेको छ ।पालिकाले आफ्नो र आफ्नो क्षेत्रभित्रका ८ वडाहरुले अघिल्लो आर्थिक वर्षहरुमा लगेको आम्दानी तथा मालपोत रसिदहरु सो आर्थिक वर्षमा प्रयोग गरी बाँकी रहेको रसिद तथा प्रयोग भएको रसिदको अर्धकट्टी आर्थिक वर्ष समाप्त भएपछि पालिकामा बुझाउनुपर्दछ र पालिकाले उक्त रसिदहरुको अभिलेख रसिद नियन्त्रण खातामा अद्यावधिक गरी राख्नुपर्दछ ।	
२०	१६३	२०७९-३-२३	**विल भरपाई बेगरको भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । शैक्षिक पहुँच सुनिसश्चितताको लागि अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न शिक्षा कार्यक्रम संयोजक अशेष भट्टराईले माग गरे बमोजिम कसेनी, चिदीपानी र झडेवा सामूदायिक सिकाई केन्द्रलाई रु. ६००००० उपलब्ध गराइएकोमा बिल भर्पाइ अनुसार रु. २४९५९४ को माग बील भर्पाई पेश गरेकोले नपुग रकम असूल हुनुपर्ने रु.	३५०,४०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**पाठ्यपुस्तक छपाई:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा लागत अनुमान, कोटेशन माग, माग फारम, खरिद आदेश, दाखिला तथा सो पुस्तकहरु विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण कागजात वेगर बजेट खर्च मात्र लेखेको छ । यसबाट भुक्तानी भएको रकम र छपाई भएको पुस्तकको यथार्थतामा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्रचलित नियमको पालना बेगर छपाई सम्बन्धि बिल संलग्न गरी खर्च लेखेको अनियमित रु.	१,०१७,०४०

क्र.सं.	**गो.भौ.नं.-मिति**	**विवरण**	**सप्लायर्स**	**रकम**
१	४६०-२०७९/३/२५	कक्षा १ को पाठ्यपुस्तक छपाई ६०० प्रति	असिम प्रेस एण्ड स्टेशनरी उद्योग	३३६७४०
२	४६३-२०७९/३/२५	कक्षा ६ को ६०० प्रति	असिम अपसेट प्रेस	३५०३००
३	४६४-२०७९/३/२५	कक्षा १ को ५०० प्रति र कक्षा २ को ५०० प्रति (मगर भाषा पुस्तक)	असिम प्रेस एण्ड स्टेशनरी उद्योग	३३००००
जम्मा				**१०१७०४०**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२	१७०	२०७९-३-१८	**स्यानेटरी डिस्पोजेवल मेशिन:** गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयमा अध्ययनरत छात्रा हरुकालागि (६-१२) स्यानिटरी प्याड व्यवस्थापन गर्न आवश्यक भएको भनी यस पालिकाले १३ थान स्यानेटरी डिस्पोजेवल मेशिन खरिद गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन: • सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार रु. १० लाख भन्दा माथिको सामाग्री खरिद गर्दा सिलबन्दी बोलपत्र बाट गर्नुपर्ने ब्यवस्था भएकोमा यस पालिकाले ऐन/नियमावली विपरित रु.१४५४३१० को १३ वटा मेशिन खरिद गरी डि.एण्ड एस. सप्लायर्सलाई भुक्तानी दिएको रु...... • उल्लेखित मेशिनहरु स्पेशिफिकेशन अनुसार ठिक छ भनी सम्बन्धित प्राविधिकले प्रतिवेदन दिनु पर्नेमा सम्बन्धित शिक्षा शाखा प्रमूखले प्रतिवेदन दिएकोले सो मेशिनहरु स्पेशिफिकेशन बमोजिमका छन भन्न नसकिने • खरिद भएका मेशिनहरु लेखापरीक्षणको अवधिसम्म वितरण नगरी पालिकामानै मौज्दात रहेको • सामूदायिक विद्यालयका छात्राका लागि स्यानिटरी प्याड खरिद गर्नुपर्नेमा बजेट फ्रिज नगराउने उद्वेश्यले डिस्पोजेबल मेशिन खरिद गरेको देखिन्छ । कार्यक्रम संशोधन बिना स्यानीटरी प्याडको सट्टा मेशिन खरिद हुँदा आर्थिक अनुशासन पालना नभएको । • स्यानीटरी प्याडबाट लाभान्वित हुने छात्राहरुको लागि प्याड खरिद नगरी मेशिन खरिद गर्दा स्यानीटरी प्याडबाट छात्राहरु बञ्चित भएको ।	१,४५४,३१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम:**	५,२४७,७४३

क्र.सं.	**विवरण**	**रकम**
१	मूख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न यस पालिकाले विभिन्न विद्यालयलाई विविध सामाग्री खरिद गर्न बजेट विनियोजन गरेको छ। पालिकाले विनियोजन भएको रकम विद्यालयको खातामा निकासा नगरी आफै सामाग्री खरिद गरी विभिन्न फर्म सप्लायर्सलाई रु. १७१७७४३ भुक्तानी गरेको छ। पालिकाले उक्त सामाग्रीहरु विद्यालयलाई हस्तान्तरण नगरी पालिकाको स्टोरमा मौज्दात राखेको छ। पालिकाले अब उप्रान्त यस्तो सामाग्री खरिद गर्न विद्यालयको खातामा नै निकासा गर्नुपर्ने र हाल खरिद भएका सामाग्री विद्यालसयलाई हस्तान्तरण हुनुपर्ने रु.	१७१७७४३
२	मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न यस पालिकाले साउण्ड सिस्टम सामाग्री खरिद गर्न सौभाग्य मा.वि. माथागढी १ लगायत ३० वटा विद्यालयलाई रु ५०००० का दरले रु १५००००० निकासा गरेको छ। उक्त सामाग्रीहरु खरिद गरी जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.	१५०००००
३	निम्न विद्यालयलाई मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यार्थीलाई ब्याण्ड बजाउन सिकाउन ३ महिनाका लागि प्रशिक्षक भत्ता वापत रु २३०००० भुक्तानी गरिएकोमा प्रशिक्षकले तलब भत्ता बुझेको भर्पाई पेश गर्नुपर्ने रु.	२३००००
४	निम्न विद्यालयहरुलाई मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न सामुदायिक विद्यालयहरुमा ICT सामाग्री खरिद गर्न १८०००० का दरले निकासा गरिएको छ।उल्लेखित विद्यालयहरुले प्रभावकारी रुपमा ICT सञ्चालन गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने साथै विद्यालयले सामाग्री खरिद गरेको बील भर्पाई पेश गर्नुपर्ने रु.	१८०००००
जम्मा		**५२४७७४३**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>बढी निकासा:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सिद्धबाबा प्राथमिक विद्यालय कसेनीका शिक्षक कर्ण बहादुर सारु मिति २०७८।१२।९ बाट अनिवार्य अवकाश हुदा चैत्र महिनाको ९ दिनको रु १२४८८ निकासा हुनुपर्नेमा रु ४१६९२ निकासा गएकोले बढी निकासा भएको असूल गरी राजस्व दाखिला गर्नुपर्ने रु.</td><td>२९२०४</td></tr>
<tr><td>२</td><td>चित्रेछाप प्रा.वि. झडेवाका शिक्षक निमनारायण ज्ञवाली मिति २०७८।५।३ गतेबाट अनिवार्य अवकाश हुँदा घटस्थापना भन्दा १५ दिन अगाडी मात्र दशै खर्च निकासा हुनुपर्दछ । २०७८ सालको बडा दशैको घटस्थापना असोज २० गते भएकोले २०७८ भाद्र ३ गते अवकाश भएका शिक्षकले चाडपर्व खर्च नपाउने हुँदा चाडपर्व वापत रु ३८२५६ निकासा भएकोले सो वापतको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.</td><td>३८२५६</td></tr>
<tr><td>३</td><td>पालिकाले पेश गरेको माग फाराम र बैक आदेश अनुसार निम्न विद्यालयको शिक्षक तथा कर्मचारीको बार्षिक तलबभत्ता निकासा जानुपर्नेमा भन्दा बढी निकासा भएकोले असूल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>३६७५०१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३४९६१</td></tr>
</table></td><td>४३४,९६१</td></tr>
<tr><td>२५</td><td>८०</td><td>२०७९-२-५</td><td>बढी निकासा:
कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।०७९ अनुसार सामूदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई तोकिएको दरमा पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था छ । पालिकाले पेश गरेको इमिस डाटा अनुसार पालिका भित्रका सामूदायिक विद्यायलमा अध्ययनरत ४९०१ जना विद्यार्थीलाई जम्मा रु. २६०१३७३ निकासा उपलब्ध गराउनुपर्नेमा रु २८०३७७९ निकासा गएकोले बढी निकासा गएको रु २०२४०६ सम्बन्धित विद्यालयबाट असूल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२०२,४०६</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बढी भुक्तानी:
यस गा.पा. बडा नं ४ झडेवामा १५ शैयाको अस्पताल निर्माण गर्न रु.१०७८७५७४५।१२ (मू.अ.कर बाहेक) मिति २०७८।२।२० मा भएको सम्झौता अनुसार प्रथम रनिङ्ग बील भुक्तानी गर्दा इन्सुलेन्स बापत सगरमाथा इन्सुलेन्स कम्पनीको बील अनुसार रु ६४४००६।५३ को बील पेश गरी रु ६९७४७७।८५ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>५३,४७१</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**भुक्तानी अनुशासन:** गत विगतको भुक्तानी हुन नसकी प्रमाणित भुक्तानी दिन बाँकीको कच्चाबारी म.ले.प.फा.नं.२२१(साविक म.ले.प.फा.नं.१८) को आधारमा चालु वर्षमा भूक्तानी दिन सक्ने व्यवस्था छ। पालिकाले दायित्व शिर्षकमा आर्थिक वर्ष २०७८/७९ मा रु.३९ करोड ५० लाख ५३ हजार बजेट विनियोजन गरी आर्थिक वर्ष २०७७/७८ को प्रकोप व्यवस्थापन लगायत चालु र पूँजीगत खर्चका लागि रु.२८७३६५४१ भुक्तानी गरेको छ। अघिल्लो आर्थिक वर्षका विल भरपाई संलग्न गरी खर्च लेखेको छ। यस्ता खर्च विशेषगरी चालु र प्रकोपसँग सम्बन्धित देखिएकोले पालिकाले निर्णय गर्दा खर्चको स्रोत र भुक्तानी बाँकी रहनुको कारण स्पष्ट नखुलाएकोले खर्चको आधिकारिकतामा आश्वत हुन सकिएन। पालिकाले स्वीकृत बजेट तथा कार्यक्रममा निर्धारित क्रियाकलाप आर्थिक वर्ष भित्रै सम्पन्न गर्नु पर्दछ।	

सि.नं.	शीर्षक	बजेट	खर्च
१	सिलङ्गी खानेपानी आयोजना गत आ.व. भुक्तानी गर्न बाँकी	५२००००	४६१४९०
२	गत आ.व.२०७७/०७८ को पाठ्यपुस्तक अपुग रकम बाँकी	६९२९४७	६९२९४७
३	गत आ.व. २०७७/०७८ को कक्षा ५ र ८ परीक्षा व्यवस्थापनको बाँकी	१५०८९०	१२३२६६
४	गत आ.ब.को १८ नं. बमोजिम पुजिगत योजनाको खर्च दिन बाँकी रकम भुक्तानी	२५९०१२६००	२०३३०७४५
५	गत आ.ब.को १८ नं. बमोजिम चालु कार्यक्रमको खर्च दिन बाँकी रकम भुक्तानी	१२८७९९२४०	५२१०७८४.६४
६	झडेवा-रिङ्गरोड कालोपत्रे गत बर्षको योजना भुक्तानी	५८७७१५०	१९१७३०८.२
जम्मा		**३९५०५२८२७**	**२८७३६५४१**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**भरपाई बेगरको भुक्तानी:**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा ५ र ८ को परीक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन लगायतमा भौचर नं.४६५ बाट रु.८३६६०२ खर्च लेखेकोमा निम्नानुसारको भत्ता वितरण गरेको भरपाई श्रेस्तासाथ संलग्न रहेको छैन् । भरपाई वेगर भत्ता वितरण गरेको जनाई शिक्षा शाखा प्रमुख अशेष भट्टराईलाई भुक्तानी दिएको रकम सम्बन्धित व्यक्तिलाई बुझाएको नदेखिएकोले असुल गर्नु पर्ने रु.	३१,८२०

क्र.सं.	**भत्ता पाउनेको नाम**	**भत्ता रकम(कर कट्टी पछिको)**
१	कमला ढकाल	१५३०
२	लोकेन्द्र थापा	२०४०
३	तुला बहादुर सारु	२०४०
४	केशव बहादुर दर्लामी	२०४०
५	मनोहर प्रसाद ज्ञवाली	२५५०
६	सिता श्रेष्ठ	३४००
७	शोभा भट्टराई	३४००
८	हुम बहादुर गाहा	३४००
९	वर्षा नेपाल	३२८१
१०	श्याम बहादुर देंगा	४५०५
११	विष्णु प्रसाद पोखरेल	३६३४
जम्मा		**३१८२०**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>भत्ता वितरण भरपाई: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले गा.पा. चालु भौचर नं.४७७ बाट शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरे बापतको भुक्तानी गजेन्द्र पन्थीलाई दिएकोमा सो तयारी कक्षा सञ्चालनको लागि पालिकाको कुनै मापदण्ड तयार नगरेको अवस्थामा यस्ता प्रकारका तयारी कक्षा सञ्चालन खर्च नियमसम्मत देखिदैन् । भुक्तानी दिएको रकममध्ये निम्नानुसारका व्यक्तिले सो तयारी कक्षामा प्रशिक्षण गरे वापतको भत्ता बुझेको भरपाई वेगर भत्ता वितरण गरेको जनाई भुक्तानी दिइएको छ । लेखापरीक्षणको अवधीसम्म सो भत्ता वितरणको भरपाई पेश नभएको हुँदा भरपाई बेगर भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भत्ता पाउनेको नाम</th><th>भत्ता रकम(कर कट्टी पछिको)</th></tr>
<tr><td>१</td><td>सन्तोष न्यौपाने</td><td>४३३५०</td></tr>
<tr><td>२</td><td>टिकाराम बस्याल</td><td>१४०२५</td></tr>
<tr><td>३</td><td>मान बहादुर सारु</td><td>१५३००</td></tr>
<tr><td>४</td><td>दयाराज कंडेल</td><td>२४२२५</td></tr>
<tr><td>५</td><td>कमल बस्याल</td><td>५१००</td></tr>
<tr><td>६</td><td>अशेष भट्टराई</td><td>१२७५०</td></tr>
<tr><td>७</td><td>दिनेश ज्ञवाली</td><td>७६५०</td></tr>
<tr><td>८</td><td>नित्यानन्द खनाल</td><td>५१००</td></tr>
<tr><td>९</td><td>राम प्रसाद ढकाल</td><td>७६५०</td></tr>
<tr><td>१०</td><td>जीवन आचार्य</td><td>३८२५</td></tr>
<tr><td>११</td><td>गजेन्द्र थापा</td><td>१०२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४९१७५</td></tr>
</table></td><td>१४९,१७५</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>समाचार प्रकाशन:
पालिकाले उपलब्ध बजेट र श्रोतको अधिकतम परिचालन गर्नुपर्ने र बजेट उपयोग आवश्यकता र औचित्यका आधारमा गर्नुपर्दछ । पालिकाले विभिन्न कार्यक्रमको फोटो तथा समाचार प्रकाशन वापत दैनिक ज्यालादारीमा कार्यरत एक व्यक्तिलाई वर्षभर रु.१६५५९७.०० गरी भुक्तानी दिएको छ । पालिकाले यस आर्थिक वर्षमा पत्रपत्रिका,छपाई सूचना, इन्टरनेट लगातयमा रु.२४१८६४१ खर्च गरेकोमा सो बाहेक सेवा तथा परामर्श अन्तर्गत आफ्नै बजेट खर्च गरी पालिकाको समाचार प्रकाशनको लागि ज्यालादारीमा डोर हाजिरी भरी सो को आधारमा भुक्तानी दिने कार्य उपयुक्त नदेखिएको रु.</td><td>१६५,५९७</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**भ्रमण खर्च:** पालिकाले लेखापाल प्रवेश धितालाई अन्तिम लेखापरीक्षणको लागि कालिकोट देखि माथागढी र माथागढी देखि कालिकोटसम्मको भम्रण भत्ता माथागढी गाउँपालिकाबाट भ्रमण आदेश स्वीकृत गराई रु.१९००० भुक्तानी दिएको छ । पालिकाबाट मिति २०७८/९/१३ मा सरुवा रमाना भई तिलागुफा नगरपालिकाको कार्यलयमा हाजिरी भएको अवस्थामा सो कार्यलयबाट समेत भ्रमण भत्ता भुक्तानी भएको हुनसक्ने हुँदा दोहोरो भत्ता भुक्तानी भए नभएको सम्बन्धमा कार्यलयले यकिन गरी दोहोरो भुक्तानी भए असुल गर्नु पर्ने रु.	१९,०००
३१			**दिर्घकालिन तथा आवधिक योजना:** पालिकाले गाउँपालिकाको दिर्घकालिन योजना निर्माण वापत रियल ड्रिम्स इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.लाई रु.७८८०६२ र आवधिक योजना निर्माण वापत अलाना इन्टरनेशनल सर्विसेस प्रा.लि.लाई रु. ६८८१७० योजना निर्माणका लागि जम्मा रु. १४७६२३२ भुक्तानी दिएको छ । गाउँपालिकाले खर्च गर्नु पुर्व आवश्यकता र औचित्यमा आधारित रही कार्यक्रम स्वीकृत गर्नु पर्ने तथा सम्पादन गरिएका कामबाट उपलब्धी हुने गरी क्रियाकलाप सञ्चालन गर्नु पर्नेमा पर्याप्त तयारी बेगर एकै तथ्यांक, सूचना र विवरण संलग्न सहितको योजना निर्माण गरेको छ । सार्वजनिक खर्च गर्दा मितव्ययी तवरले नतिजा र उपलब्धि प्राप्त हुने गरी गर्नुपर्नेमा सो गरेको नदेखिएको रु.	१,४७६,२३२
३२			**पुरस्कार वितरण:** पालिकाले खेलकुद प्रतियोगितामा पुरस्कार कार्यक्रमको लागि रु.२२००००० बजेट विनियोजन गरी रु.९८९५६५ खर्च गरेको छ । खेलकुद प्रतियोगितामा रु.२ लाख सम्मको पुरस्कार वितरण गरेको देखिएको छ । साथै उत्कृष्ट विद्यार्थी, अभिभावक, कर्मचारी र पत्रकार लगायत शिक्षकलाई समेत पुरस्कार वितरण कार्यक्रम अन्तर्गत रु.३६००००० बजेट विनियोजन गरी रु १० हजार देखी २० हजारसम्म पुरस्कार वितरण गरी रु.११३८६०० खर्च गरेको छ । पालिकाले आफ्नो आन्तरिक श्रोत र वित्तिय सक्षमताको मूल्यांकन नगरी पुरुस्कार वितरण गरेको छ । कार्यक्रम निर्धारण गर्दा आवश्यकता र छनोटको आधार स्पष्ट खुल्ने गरी औचित्यका आधारमा खर्च गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।	
३३			**पोशाक र छात्रवृत्ती:** पालिकले सौभाग्य मा.वि. मा कक्षा ९,१० र ११ मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ती रु.३००००० र कक्षा ११ मा अध्ययनरत विद्यार्थीका लागि सौभाग्य मा.वि. सहित पाँच विद्यालयलाई रु.१०४६५०० खर्च गरेकोमा विद्यार्थी र विद्यालय छनौटको आधार खुलाएको छैन । पालिकाले कार्यक्रम संचालन गर्दा पालिकाअन्तर्गतका सबै विद्यार्थी र विद्यालयलाई समान लाभ प्राप्त गर्ने अवसर प्रदान गर्नु पर्नेमा सो गरेको देखिएन । छात्रवृत्ति वितरण गर्दा एकै विद्यालय र विद्यार्थीले दोहोरो लाभ प्राप्त नगरेको सुनिश्चित हुने प्रवन्ध गर्नुपर्दछ ।	
३४			**सम्पन्न नहुँदै भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनका लागि बालमैत्री गाउँपालिका घोषणा शिर्षकबाट रु.७५२१८४ खर्च लेखेको छ । प्रोफाईल तयार गर्नका लागि ११ जना गणकबाट तथ्यांक संकलन गराएकोमा सो तथ्यांक एकिकृत गरी प्रोफाईल तयार भएको छैन् । साथै स्थानीय तहबाट प्राथमिक सूचना संकलन कार्यका लागि संघ सरकारबाट प्राप्त रु.४ लाख र पालिकाको रु.१ लाख समेत रु.५ लाख दिलबहादुर थापालाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधीमा प्रतिवेदन वा तथ्यांक माग गर्दा पेश हुन नसकेकोले तोकिए बमोजिम कार्य सम्पन्न भएको देखिएन । यस सम्बन्धमा पालिकाले तथ्यांक संकलन कार्य भएतापनि प्रतिवेदनको कार्य बाँकी नै रहेको जनाएको छ । अत: बालमैत्री कार्यक्रमसँग सम्बन्धित तथ्यांक एकिकृत गरी तयार भएको प्रोफाईल र स्थानीय तहबाट प्राथमिक सूचना संकलन पश्चात तयार भएको प्रतिवेदन पेश हुनु पर्ने रु.	१,२५२,१८४
३५			**सम्पत्ति उपयोग र संरक्षण:**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.१			**सरकारी सम्पत्ति व्यवस्थापन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ ।	
३५.२			**जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको साविक गा.वि.स. र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी गाउँपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, गाउँपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको कारण गाउँपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । गाउँपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी प्रमाण पेश गर्नु पर्दछ ।	
३५.३			**PAMS को प्रयोग:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानून तथा नियमावलीले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखांकन प्रतिवेदन संरक्षण तथा उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हो । प्रत्येक कार्यालयले सम्पत्तीको लेखांकन गरी सम्वन्धित मन्त्रालयमा प्रतिवेदन गर्ने र सम्वन्धित मन्त्रालयले मन्त्रालयगत विवरण एकिकृत गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गरेपछी मात्र सम्पत्तीको एकिकृत प्रतिवेदन तयार गर्न सकिन्छ । यही जिम्मेवारी पुरा गर्न महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) तयार गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकको कार्यालयले २०७७ श्रावणबाट अनिवार्य रुपमा तिनै तहका सरकारी कार्यालयमा लागु गरेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग आंशिक गरेको छ। वडा कार्यालयहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित वडा कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा वर्ष भरी वडा कार्यालयले खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । वडा कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री गाउँपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा अद्यावधिक गर्नुपर्दछ ।	
३६			**अवकाश कोष:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ ।	
३७			**विविध खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.१७००४३० खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**कार्यसम्पन्न नभई भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ बमोजिम पालिकाले नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको रकम तोकिए बमोजिमको कार्यक्रम र शिर्षकमा खर्च गर्नु पर्ने तथा खर्च नभई बाँकी रहेको रकम वर्षान्तमा फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७८/१२/१५ को कार्यक्रम कार्यान्वयन प्रक्रिया बमोजिम निकासा दिन पत्र लेखेको तथा २०७९/३/१७ को पत्रबाट रोक्का राख्न निर्देश गरेको आधारमा तीन विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको रु.२०६००००० विद्यालयहरुको खातामा मौज्दात रहने गरी निकासा दिएको छ । पालिकाले उक्त निकासा दिएकोमा कार्यसम्पन्न प्रतिवेदन प्राप्त नगरेको तथा तोकिए बमोजिम कार्य नहुँदै सशर्त बजेट फिर्ता नहुने व्यवस्थाका लागि विद्यालयको खातामा रकम पठाई रोक्का राखेको अनियमित रु.	२०,६००,०००

क्र.सं.	कार्यक्रम	विद्यालयको नाम	प्रयोजन	रकम
१	राष्ट्रपती शैक्षिक सुधार	दिव्यज्योती मा.वि.	शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन	५२०००००
			नमूना विद्यालयको भवन निर्माण तथा ल्याव व्यवस्थापन	५००००००
			नमूना विद्यालय सुधार गुरुयोजना अनुसार भौतिक निर्माण	५००००००
२		बाल विकास आ.वि.	विद्यालय कक्षा कोठा निर्माण	१८०००००
३		महेन्द्र नरेश मा.वि.		३६०००००
जम्मा				**२०६०००००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**कोभिडको विवरण:** पालिकाले आर्थिक वर्ष २०७८/७९ मा कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि प्राप्त आम्दानी र खर्च निम्नानुसार रहेको छ:	

बजेट/आम्दानीको स्रोत	२०७८/७९ मा प्राप्त रकम	खर्च शीर्षक	२०७८/७९ मा खर्च रकम
संघीय सञ्चित कोषबाट	३४५९०००	राहात वितरण	३२९००००
प्रदेश सञ्चित कोषबाट	०	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	०
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	०	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	०
संघीय कोभिड कोषबाट	०	जनशक्ति परिचालन	०
प्रदेश कोभिड कोषबाट	०	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	०
अन्य स्रोतबाट प्राप्त	०	स्वास्थ्य पूर्वाधार निर्माण	०
गत आ.व.को अ.ल्या.	०	बाँकी	१६९०००
जम्मा	**३४५९०००**	**जम्मा**	**३४५९०००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**उपभोक्ताबाट जटिल संरचना निर्माण:** उपभोक्ताबाट जटिल संरचना निर्माण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको छ । पालिकाले निम्नानुसारका विभिन्न सडक तथा खानेपानी लिफ्टिङ्ग योजना सञ्चालन गरेकोमा लाभग्राही समुदायको श्रम, लागत र स्थानीय स्रोत साधनको उपयोग नभई जटिल प्राविधिक कार्य समावेश भएको लागत अनुमान बमोजिमका कार्य गराएको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ। यसका केही उदाहरण निम्न छन:	

सि.नं.	भुक्तानी पाउने	भुक्तानी रकम
१	झडेवा केरौली बहादुरपुर ताकातुङ्ग मोटरबाटो स्तरोन्नति माथागढी ८	४२९८०१७
२	थानसिङ्ग जगात मोटर बाटो स्तरोन्नती	३४५८८५३
३	झडेवा रहबास दुम्किबास मो.बा.उ.स	१७३४०२४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				४	झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो स्तरोन्नति वडा नं. ६	१६०००००		
				५	रहबास खानेपानी योजना उ.स.	१०८८८८७		
				६	बडहरदी वंशेडाँडा लिफ्टीङ खानेपानी उपभोक्ता समिति	८७६१४१		
				७	केरौली डाँडा झडेवा मोटरबाटो स्तरोन्नती वडा नं. ४	८७५५८२		
				८	वडा भवन निर्माण उपभोक्ता समिति माथागढी-६ गोठादी पाल्पा	८०६८२८		
				९	भिरपानी बगाले लिफ्ट खा.पा. योजना	८०२०८२		
				१०	दद्रा ढुविनडाँडा रिङ्गरोड	६४९९१८		
				११	गैराबारी साठीपाईला स्वास्थ्य चौकी वडा भवन हुदै भञ्ज्याङ्ग कालिका मो.बा.निर्माण	६४२१००		
				१२	स्वास्थ्य चौकी वडा कार्यालय मोटर बाटो निर्माण उ.स.	५५१४५३		
				१३	अर्खला खानेपानी लिफ्टिङ	५५०१९४		
				१४	खल्लुगैरा खुमडाँडा भुट्टके लिफ्टिङ खा.पा.तथा स.स. उ समिति	५३००००		
				१५	मौलाथर रातमाटे केरौली झडेवा मो. बा.	५१०८४२		
				जम्मा		**१८९७४९२१**		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**उपभोक्तामार्फत सरकारी संरचना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) बमोजिम लाभग्राही समूदाय वा स्थानीय वासिन्दा मात्र रहेको उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका सरकारी कार्यालय वा संरचना निर्माण तथा मर्मत गर्नका लागि बजेट विनियोजन गरेकोमा उपभोक्ता समिति मार्फत कार्य गराई अन्तिम भुक्तानी गरेको छ । लाभग्राही समूदाय प्रत्येक्ष सहभागी हुन नसक्ने यस प्रकारका कार्य गराउँदा उपभोक्ता समितिको जनसहभागिता समावेश भएको सम्बन्धमा आश्वस्त हुन नसकिएको रु. **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **खर्च** १ | गाउँपालिका कार्यालय भवन व्यवस्थापन निर्माण समिति | ६५७७६९.९६ २ | बहादुरपुर वडा कार्यालय उ.स. | १८८४९४८ ३ | हात्तिलुङ्ग वडा कार्यालय उ.स. | १८४७६८५ **जम्मा** | | **४३९०४०२.९६**	४,३९०,४०२
४२			**मोडल दुग्ध डेरी कार्यक्रम:** संघीय सरकारबाट अनुदानप्राप्त रकम तोकिएको क्षेत्र र कार्यक्रममा खर्च गर्नुपर्ने र सो हुन नसकेमा बाँकी रकम फिर्ता गरी स्थानीय पालिकाको आफ्नै श्रोतबाट सम्पन्न गर्ने व्यवस्था छ । पालिकाले भौ न ३६ मिति २०७९।३।२३ बाट माथामालिका एकिकृत कृषि फर्म प्राली, माथागढी ४ झडेवासँग रु ५०५२९०७।९८ लागत अनुमान बराबरको सम्झौता गरेकोमा रु २४९४००० विनियोजन गरी खर्च लेखेको छ । कार्यसम्पन्न हुने अवधि मिति २०७९।३।१५ रहेकोमा प्रालीले सम्झौताबमोजिम कार्यसम्पन्न नगरेको उल्लेख गरी पालिकाको धरौटीमा रु १२ लाख कट्टी गरी राखेको छ । संघीय सरकारबाट हस्तान्तरित यस मोडल दुग्ध डेरी कार्यक्रममा छनोट भएको उक्त कम्पनीमा पालिकाका वर्तमान एवं भूतपूर्व जनप्रतिनिधी, कर्मचारी, शिक्षक र परामर्श सेवामा रहेका व्यक्तिको संलग्नता (कार्यक्रम छनोट, निर्णय, लगानी एवं जग्गाको स्वामित्वमा) देखिएको तथा योजना अनुगमन गर्ने पदाधिकारीमा उपाध्यक्ष, प्रशासकिय अधिकृत र वडाध्यक्षहरु नै रहेबाट स्वार्थको द्वन्द्व रहेको अवस्था छ । साथै योजना अनुगमन गर्दा सम्पन्न भएको मिति २०७९।३।२० उल्लेख भएको यस कारोबारको खर्च लेख्दा समावेश भएका विलभरपाईमध्ये सिद्दार्थ हार्डवेयरका विभिन्न ३ बिलको रु ४२६७९६ उधारो बिल समावेश भएको र सम्झौताअनुसार मर्मत सम्भार रकम रु ६२५०० कट्टी समेत भएको छैन । तोकिएबमोजिमको कार्यसम्पन्न नभएको, पेश भएका कागजातमा उधारो बिल समावेश भएको, स्वार्थको द्वन्द्व देखिएको, संघीय कोषमा फिर्ता हुनुपर्ने रकम वर्षान्तमा धरौटीमा लगी राखेको तथा लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्य सम्पन्न नभएको रु.	२,४९४,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**गौ.स.स. र सामुदायिक भवनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति एवं लाभग्राही समुदायबाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेका छन । पालिकाले निम्नानुसारका सहकारी संस्था तथा सामुदायिक संस्थालाई यस आर्थिक वर्षमा विभिन्न कार्य गराई भुक्तानी दिएकोमा कतिपय संस्थाहरु गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थासमेत रहेका छन । साथै गत विगतमा सुरु भई अधुरो रहेका तथा यस आ.व.मा सुरु भई कार्यसम्पन्न हुन नसकेका योजनामा समेत काम सम्पन्न भए बराबरको मूल्यांकन गरी योजना फरफारक गरेको छ । पालिकाले संस्थाको उद्वेश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर सम्झौता गर्नु पूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व एकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।	

क्र.सं.	भुक्तानी पाउने	भुक्तानी रकम
१	पुकुङ्ग सामुदायिक भवन निर्माण	१४९०१९
२	मालिका देवी वहुउद्वेश्य सहकारी भवन	७०३५८३
३	वन कट्टा महिला भवन	९५२९२४
४	निलकुमारी स्मृती भवन	१४२९५७
५	सोले सामुदायिक भवन	३७४३१९
६	किहुँ सामुदायिक भवन सभाहल र शौचालय	७०५३६१
७	दलितका लागि सामुदायिक भवन	९६६२१३
८	किहुँ डाँडा महिला भवन	५९००००
९	चुकाहा महिला भवन	१०००००
१०	जगत सामुदायिक महिला भवन	९४७६५४
जम्मा		**५६३२०३०**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>

नन फाइलर:

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिवृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । मासिक खरिदमा तिरेको कर विक्रीमा उठाएको करसँग मिलान गरी बाँकी दाखिला गर्नुपर्नेमा निम्नानुसारको करदाताको विद्युतिय पान विवरण हेर्दा नन फाइलरको रुपमा रहेको देखियो । राज्यलाई बुझाउनु पर्ने कर नबुझाएकोले भुक्तानी दिएको रु.२६५२६५.०० को मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>निर्माण ब्यवसायी/कम्पनी</th><th>प्यान नं.</th><th>ननफाइलर मिति</th><th>वीजक नं.-मिति</th><th>विजक रकम</th><th>१३ प्रतिशत मु.अ. कर</th><th>भुक्तानी (७० प्रतिशत मु०अ० कर) रकम</th></tr>
<tr><td>सुष्मा एण्ड सृष्टि निर्माण सेवा</td><td>601059997</td><td>2078/M/10</td><td>२०-२०७९/३/२४</td><td>३३३०९८०.९०</td><td>३७८९५०</td><td>२६५२६५</td></tr>
</table>

</td><td>२६५,२६५</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>

हेफर नेपालसँग साझेदारी:

पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना सञ्चालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न विशेषत बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम सञ्चालन गर्न यस पालिकाले मिति २०८० असार २९ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८ जेष्ठ ३० मा रु ४ करोड २० लाख बराबरको सम्झौतामा पालिकाले ७५ प्रतिशतले हुन आउने रु ३ करोड १५ लाख व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकाले माथागढी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत यस कार्यक्रममा हालसम्म रु.७५००००० भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

- सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था रहेकोमा पालिकाले हेफर प्रोजेक्ट नेपाललाई सिधै पेश्की दिने गरी सम्झौता गरी भुक्तानी दिएको नियमसम्मत रहेको छैन ।

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>हेफर प्रोजेक्ट नेपालले पेश गरेको प्रगति प्रतिवेदन अनुसार यस आवमा निकासा भएको रकम रु. १२०००००० उल्लेख भएकोमा पालिकाले लेखापरीक्षण टोलीलाई उपलब्ध गराएको विवरणअनुसार रु.७५००००० निकासा भएको विवरण पेश भएबाट रु.४५००००० बराबरको विवरण फरक देखिएको छ ।</td><td>४५०००००</td></tr>
<tr><td>२</td><td>हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको आधारमा भुक्तानी हुने गरेको छ । पालिकावाट यस आवमा भुक्तानी भएको रु १२०००००० मध्ये रु ८२५१४७९ मात्र खर्च भएको विवरण पेश भएबाट रु ३७४८५२१ खर्च नभई बाँकी रहेको विवरण पेश हुनुपर्ने देखिएको छ । कार्यक्रममा लागत साझेदारी गर्नुपर्ने संस्थाको तलव तथा सुविधा र कार्यालय खर्च पालिकाले व्यहोर्ने कार्यबाट पालिकालाई अतिरिक्त व्यभार गरेको छ ।</td><td>३७४८५२१</td></tr>
<tr><td>३</td><td>परियोजना अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु १२०००००० निकासा दिएकोमा वर्षान्तसम्म रु १६३२१७.१० बैक मौज्दात देखिएको छ । मौज्दात रकम वर्षान्तमा पालिकामा फिर्ता गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा सो नगरेको अनियमित देखिएको छ ।</td><td>१६३२१७.१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८४११७३८</td></tr>
</table>

</td><td>८,४११,७३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- लेखापरीक्षण सम्झौता अनुसार कुल कार्यसम्पन्नको २५ प्रतिशत सम्बन्धित परामर्शदाताले र ७५ प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा स्थानीय साझेदार संस्थाले पेश गरेका कागजात नेपाल सरकारको लेखाप्रणाली र खर्च संकेतसँग फरक हुने गरी लेखांकन हुने गरेको छ । सार्वजनिक खर्चको अभिलेख र प्रतिवेदनमा एकरुपता हुने व्यवस्था गर्नुपर्दछ ।
- पालिका र हेफर नेपाल बीच भएको सम्झौतापश्चात स्थानीय साझेदार संस्थासँग हेफर नेपालले छुट्टै सम्झौता गरी कार्य गराउने गरी सम्झौता भएको छ । सम्झौताबमोजिम सम्बन्धित संस्थाले नै कार्यसञ्चालन गर्नुपर्नेमा अर्को संस्थामार्फत सम्पूर्ण कार्य गराउँदा एकै कामको लागि थप अर्को संस्था समावेश भएको र सम्झौता भएको पक्षभन्दा अर्को पक्षसँग आर्थिक कारोवार भएको छ । सम्झौताका पक्षबीच कारोबार र कार्यक्रम सम्बन्धमा स्पष्ट जिम्मेवारी र जवाफदेहीता हुने गरी कार्यसम्पादन भए नभएको सम्बन्धमा विश्वस्त हुने आधार छैन ।
- संचालित कार्यक्रमको पालिकावाट मासिक/त्रैमासिक/ अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको अभिलेखबाट देखिदैन । साथै, सम्झौता भएको संस्थाले आर्थिक वर्षभर र हालसम्मको कार्यप्रगति सम्बन्धमा पेश गरेको प्रतिवेदनबमोजमि कार्य भए नभएको सम्बन्धमा समेत पालिकाले अनुगमन मूल्यांकन गरेको छैन । संस्थाले पेश गरेको विवरण वा प्रगतिलाई नै यथार्थ खर्च र कार्यक्रमको प्रगतिका रुपमा स्वीकार गर्ने कार्यले लक्षित कार्यक्रमले तोकिएबमोजिम उद्देश्य हासिल गरे नगरेको सम्बन्धमा लेखापरीक्षणबाट आवश्व हुने आधार देखिएन ।

</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

वितरणमुखी कार्यक्रम:

पालिकाले पूँजी निर्माण हुने गरी अल्पकालिन तथा दिर्घकालिन योजना छनोट गर्ने र नगद तथा जिन्सी वितरणमा केन्द्रित नभै कार्यसञ्चालन गर्नुपर्नेमा यस आर्थिक वर्षमा योजना छनोट वा संशोधनमार्फत निम्नानुसारका वितरणमुखी कार्यक्रम सञ्चालन गरेको छ । वितरणमुखी कार्यक्रम सञ्चालन गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

सि.नं.	**शीर्षक**	**बजेट**	**खर्च**
१	स्वयंम सेवक शिक्षक वयवस्थापन	९६०००००	२४०००००
२	संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम	३००००००	३२००००
३	संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम	८४०००००	३९२५००
४	शैक्षिक सामाग्री वितरण कार्यक्रम	१००००००	४०१६९२
५	शिक्षा (शैक्षिक सामाग्री खरिद)	२०००००	२०००००
६	शताब्दी जेष्ठ नागरिक सम्मान कार्यक्रम	५००००	४८७००
७	वि.पी. विपन्न बीमा कार्यक्रम	२८००००००	२५११५१००
८	माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	६४४२०००	९४६६७२.८९
९	मातृभाषामा अध्ययन गर्ने विद्यालयलाई बिशेष अनुदान	२०००००	२०००००
१०	मगर दिवश मनाउने कार्यक्रम	९०००००	४०००००

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>बालमैत्री गाउँपालिका घोषणा</td><td>२००००००</td><td>७५२१८४</td></tr>
<tr><td>१२</td><td>तारजाली खरिद</td><td>१००००००</td><td>१००००००</td></tr>
<tr><td>१३</td><td>तारजाली खरिद</td><td>१००००००</td><td>९४१३४०</td></tr>
<tr><td>१४</td><td>उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम गर्भवतीलाई घरमा हरियो झण्डा र अण्डा कार्यक्रम</td><td>८५०००००</td><td>२११६४९.२५</td></tr>
<tr><td>१५</td><td>उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम गर्भवतीलाई घरमा हरियो झण्डा र अण्डा कार्यक्रम</td><td>२४०००००</td><td>१९२२१६</td></tr>
<tr><td>१६</td><td>उत्कृष्ठ शिक्षक विद्यार्थी अभिभावक पुरस्कार कार्यक्रम</td><td>२४०००००</td><td>४९९८५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७५०९२०००</td><td>११४२१९०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>कोल्डरुम चेम्बर निर्माण:
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । कार्यालयले कोल्डरुप।पोर्टेवल कोल्ड चेम्बर निर्माणका लागि सनराईज डिजाईनर्स एण्ड ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्राली ललितपुरसँग मिति २०७९।२।६ मा २०७९।३।३० भित्र सम्पन्न गर्ने गरी रु. २१९९०९६।१२ (मु.अ.कर सहित) मा सम्झौता गरेको छ । व्यवसायीले तोकिएको समयमा सम्पन्न गर्न नसकेतापनि म्याद थपको निवेदन समेत पेश नगरेकै अवस्थामा मिति २०७९।३।२४ मा पालिकाले रु ११ लाख भुक्तानी दिएको छ । व्यवसायीले तोकिबमोजिम निर्धारित समयमा कार्यसम्पन्न गर्न नसकेबाट मिति २०७९।३।३० देखी कार्यसम्पन्न नहुँदाको अवधिसम्मको पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्नुपर्दछ । अत सम्झौताको शर्त बमोजिम तोकिएको समयमा कार्यसम्पन्न नगरेका कारण लेखापरीक्षण अवधिसम्मको प्रतिदिन रु.९७३ का दरले ६२ दिनको रु.६०३२६ असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु.</td><td>६०,३२६</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कृषि सामाग्री आपूर्ती:
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । कार्यालयले अष्टदिप एग्रो इन्जिनियरिङ्ग सेल्स रुपन्देहीसँग कृषि सामाग्री आपूर्तीका लागि मिति २०७९।१।६ मा २० दिन भित्र सप्लाई गरिसक्ने गरी रु. ४७३८००० (मु.अ.कर बाहेक) मा सम्झौता गरेको छ । व्यवसायीले तोकिएको समयमा तोकिएको स्पेशिफिकेसन बमोजिम सामाग्री आपूर्ती गर्न नसकेकोले मिति २०७९।३।१९ देखी कार्यसम्पन्न नहुँदाको अवधिसम्मको पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्नुपर्दछ । यस सम्बन्धमा व्यवसायीले मिति २०७९।३।२४ मा असोज मसान्तसम्मको लागि म्याद थप माग गरेतापनि हालसम्म सो सम्बन्धमा निर्णय नभएको र Verification Report अनुसार Technical Specification बमोजिम नभएकोले स्वीकार गर्न नसकिएको जनाएको छ । अत: सम्झौताको शर्त बमोजिम तोकिएको समयमा कार्यसम्पन्न नगरेका कारण लेखापरीक्षण अवधिसम्मको प्रतिदिन रु.२३६९ का दरले ८५ दिनको रु. २०१३६५ असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु.</td><td>२०१,३६५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**विल भरपाई:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले खरको छानो विस्तापन कार्यक्रम अन्तर्गत ११ जना र युवा स्वरोजगार कार्यक्रम अन्तर्गत ९ जनाको गत आ.व.को भुक्तानी बाँकी प्रमाणित गरि भौचर नं.११-२०७८/५/२५ बाट रु.४९८०१६ भुक्तानी दिएको छ । भुक्तानी भएको सो रकमलाई प्रमाणित गर्ने कुनै कागजात श्रेस्तासाथ संलग्न नगरेको हुँदा सो रकम बराबरको कागजात पेश गर्नु पर्ने रु	४९८,०१६
५०			**औषधी व्यवस्थापन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रियावेगर सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छनः • खरिद गरेका उक्त औषधीको उत्पादन कम्पनी र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको छैन । • आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टीफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन् । • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन । • औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	
५१			**जटिल प्राविधिक कार्य:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको छ । कार्यालयले देहाय अनुसार उपभोक्ता समितिसँग सम्झौता गरी काम गराएकोमा निर्माण व्यवसायी मार्फत लागत अनुमानको बराबर हुने गरी मेशिनरी प्रयोग गरेको विल भरपाई समावेश गरेको छ । लागत सहभागिता, श्रम जुट्ने कार्य तथा लाभग्राही समुदाय आफैले सम्पादन गर्न सक्ने क्षेत्रमा मात्रै उपभोक्ता समितिमार्फत कार्य गराउन पालिकाले ध्यान दिनु पर्दछ । उपभोक्ता समितिमार्फत जटिल प्राविधिक कार्य समावेश भएका योजनाका केही उदाहणहरु निम्न छन:	

उ.सको नाम	निर्माण व्यवसायी	लागत अनुमान	हेभि उपकरणमा भएको खर्च
तिनघरे धनुवा खोपार्लुङ मो.बा.उ.स.	रानीमहल कन्स्ट्रक्सन प्रा.लि.	१६६८३९	१५००६४
खिलुवाटारी घारी मो.बा.उ.स.	रानीमहल कन्स्ट्रक्सन प्रा.लि.	२०४६९६	२०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				छाप मो.बा.उ.स.	माथागढी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	२२०७६८	१०५०००		
				चवरेपोखरा जाउपोखरा मो.बा.उ.स.	रम्भादेवी कन्स्ट्रक्सन एण्ड विल्डर्स	२७७५४५	२२९१६४		
				राइखर्क दमार सानोचौर मो.बा.उ.स.	रम्भादेवी कन्स्ट्रक्सन एण्ड विल्डर्स	२२०६५२	१९८३१५		
				चारघरे सिम्ले अर्गले तिन दुमै मो.बा.उ.स.	रानीमहल कन्स्ट्रक्सन प्रा.लि.	३३०१९२	१८२३२८		
					माथागढी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.		४२५९२		
				थानसिङ बुढीचौर मो.बा.उ.स.	रानीमहल कन्स्ट्रक्सन प्रा.लि.	२२१८२९	२००१२३		
				थानसिङ जगात मो.बा.उ.स.	माथागढी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	५३७६०७२	३८०००००		
				खसाडी पिपलडाँडा मो.बा.उ.स.	पाल्पा माडी कन्स्ट्रक्सन	४४१४०७	२३९९७५		
				गडवास हातिलुङ भाङकोल्ता मो.बा.उ.स.	लब्दकोट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	२४३७७९	२३५९४४		
				झडेवा केरौली बहादुरपुर ताकातुङ्ग मो.बा.उ.स.	माथागढी कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	६१६०३०७	२४३००००		
				जम्मा		**१३८६४०८६**	**८०१३५०५**		
५२			**ठेक्का नं.१-२०७७/७८:** बाँसटारी-झडेवा, रहवास-दुम्कीबास योजना निर्माण कार्य २०७८।३।२८ मा सम्म सम्पन्न गर्ने गरी वर्ल्डवाईड – दावा जे.भीसँग २०७८।९।६ मा रु.२५९१९१५७.२४ (मू.अ.कर बाहेक) को सम्झौता भएको छ । तोकिएको समयमा कार्यसम्पन्न नभएकोले पहिलो पटक २०७८/१२/३० सम्म म्याद थप भई सोही मितिमा कार्यसम्पन्न भएको छ । पालिकाले यस आर्थिक वर्षमा पाँचौ तथा अन्तिम विलबाट रु.३६२२३१४.८९ समेत जम्मा रु.२६०८७१९७.५६(मू.अ.कर बाहेक) भुक्तानी दिएको छ । भुक्तानी र सम्झौताको परीक्षण गर्दा निम्न व्यहोराहरु देखियो:						

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.१</td><td></td><td></td><td>भेरिएशन: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी मोवाइल निर्माण सेवालाई निम्नानुसारको भुक्तानी दिएकोमा प्राविधिक पुष्ट्याई सहितको भेरिएशन आदेश जारी गरेको छैन । भेरिएशन स्वीकृत नगरी वढी भुक्तानी दिएको रकम नियमित नदेखिएको रु.
<table>
<tr><th>आइटम नं</th><th>विवरण</th><th>एकाई</th><th>BOQ को परिमाण</th><th>भुक्तानी परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>९</td><td>Earth work and excavation</td><td>m3</td><td>९५०.०१</td><td>१२३३.२४</td><td>२८३.२३</td><td>१००.००</td><td>२८३२३.००</td></tr>
<tr><td>१२</td><td>Random rubble stone masonry in cement mortar 1:4</td><td>m3</td><td>३७९.४</td><td>४८१.७८</td><td>१०२.३८</td><td>६५००</td><td>६६५४७०.००</td></tr>
<tr><td>१३</td><td>Dry Stone soling</td><td>m3</td><td>२१७.४८</td><td>२२५.८२</td><td>८.३४</td><td>२०००</td><td>१६६८०.००</td></tr>
<tr><td>१५</td><td>Cement concrete M15/40</td><td>m3</td><td>१४६.१३</td><td>१५१.६३</td><td>५.५०</td><td>१२०००</td><td>६६०००.००</td></tr>
<tr><td>१८</td><td>Preparation of Subgrade</td><td>MT</td><td>४.६२</td><td>४.७</td><td>०.०८</td><td>९००००</td><td>७२००.००</td></tr>
<tr><td>२१</td><td>Crusher Run</td><td>cum</td><td>२५०८</td><td>२५२९.६</td><td>२१.६०</td><td>२८००</td><td>६०४८०.००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>८४४१५३</td></tr>
<tr><td colspan="7">मूल्य अभिवृद्धि कर</td><td>१०९७३९.८९</td></tr>
<tr><td colspan="7">कूल जम्मा</td><td>९५३८९२.८९</td></tr>
</table>
</td><td>९५३,८९२</td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>एज बिल्ट ड्रइङ्ग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायि बीच भएको सम्झौताको जी.सी.सी. ७१.२ मा निर्माण व्यवसायीले कार्य सम्पन्न गरी अन्तिम भुक्तानी पूर्व एज बिल्ट ड्रइङ्गपेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रु. २००००० रोक्का (विद हेल्ड) गरीने उल्लेख रहेको छ । पालिकाले वि.ओ.क्यु.आईटमा एच बिल्ट ड्रईङ्ग वापत रु.३०००० समावेश गरेकोमा सो रकम मात्र रोक्का (विद हेल्ड) गरेको छ । अन्तिम बिल निर्माण व्यवसायी वर्ल्डवाईड – दावा जे.भीलाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०७९।६।१ सम्म पनि एज विल्ट ड्रइङ पेश भएको छैन । अतः एज बिल्ट ड्रईङ्ग पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.</td><td>१७०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३	२	२०७८-९-८	**कृषि औजार खरिदः** गाउँपालिकाले मिति २०७७।१२।१ मा ४५ दिनभित्र सामान बुझाईसक्नुपर्ने गरी कुशल ईन्टरप्राईजेज, कोटेश्वर ३२, काठमाडौसँग मुअकर बाहेक रु ८६६३००० बराबरको कृषि सामाग्री आपूर्ति गर्नेगरी सम्झौता गरेको छ । सम्झौताबमोजिमको स्पेशिफिकेशन बमोजिम सामाग्री प्राप्त नभएतापनि कार्यालयले मिति २०७८।१।२० मा सामाग्री दाखिला विवरण तयार गरेको छ । तथापि उक्त दाखिला प्रमाण लेखापरीक्षणको क्रममा खाता माग गर्दा पेश हुन नसकेको र सम्झौतामा उल्लेख भएका सामाग्रीमध्ये Maize Planting Machine 14 Set, मिनि टेलर ७ एचपी ४० सेट र मिनि टेलर ८ एचपी ३६ सेट सेपेशिफिकेशन बमोजिम नभएकै अवस्थामा भौ न ५६ मिति २०७८।९।८ सम्म पटक पटक गरी रु ८५५७७२० भुक्तानी दिईसकेको छ । २०७८।६।११ मा ४२ लाख भुक्तानी दिनका लागि चेक काटिएकोमा पुन त्यसलाई क्यान्सिल गरी रु ३० लाख पेश्की कायम गरेको देखिएको छ । यसबाट उक्त अवधिसम्म कार्यालयले तोकिएको स्पेशिफिकेशन बमोजिम सामाग्री प्राप्त नहुँदै पेश्कि जमानतबेगर पेश्की उपलब्ध गराएको देखिएको छ । साथै व्यवसायीबाट मिति २०७८।१।२० नै बिल जारी भएको अवस्थामा स्पेशिफिकेसन बमोजिम नभएकै कारण पौषमा Maize Planting Machine 14 Set बाहेकको भुक्तानी भएको छ। कुशल ईन्टरप्राईजेजले मिति २०७८।५।२७ मा गाउँपालिकालाई फरक सामाग्री बुझाएकोले अजेश्वी एग्रो ईन्टरनेशनल प्रालीले बुझाएको सामाग्रीको जिम्मेवारी नलिने व्यहोरा सहित सामाग्री फिर्ता पठाईदिन अनुरोध समेत गरेको छ । खरिद सम्झौताको GCC.6.2 बमोजिम सम्झौता गर्ने आपूर्तक बाहेक अन्य जो कोही सामाग्री आपूर्तीमा संलग्न हुन नसक्नेमा सम्झौता गरेको पक्षभन्दा फरक कम्पनीको संलग्नता देखिएको छ । उपरोक्त अवस्थामा कार्यालयले मिति २०७९।४।६ मा कृषि यन्त्रहरु त्रुटी सच्याउने अवधिभित्रै विग्रिएको जानकारी गराई १५ दिनिभत्र मर्मत सम्भार गर्न ताकेता गरेको छ । उक्त ताकेतापश्चात सामाग्री मर्मत सम्भार भए नभएको नखुलेको, आपूर्तकले तोकिएको समयावधिमा स्पेशिफिकेसन बमोजिम सामाग्री दाखिला गर्न नसकेको, तोकिएको आपूर्तकभन्दा फरक पक्ष संलग्न देखिएको, पालिकाले आवश्यकता मूल्यांकन नगरी एकमपुष्ठ खरिद गरेको, वितरण गरेको अवधि नखुलेको र ५० प्रतिशत अनुदानमा रु ६५१७७२८ बराबरको सामाग्री वितरण गरेतापनि केही कृषकले फिर्ता गरेको देखिएकोले कृषि सामाग्री खरिद सम्बन्धी कारोबार, भुक्तानी र गुणस्तरसम्बन्धमा आश्वस्त हुन नसकिएको रु. साथै कार्यालयले अन्तिम भुक्तानी दिँदा अग्रिम आयकर रु १२९९४५ र ३० प्रतिशत मुअकर रु ४४०३१ कट्टिबेगर भुक्तानी दिएको देखिएकोले व्यवसायीले जारी गरेको विल नं २१० मिति २०७८।१।२० को कारोबार कर विवरणमा समावेश भएको प्रमाण पेश गर्नुपर्दछ ।	८,५५७,७२०
५४			**सामाजिक सुरक्षातर्फः**	
५४.१			माथागढी गाउँपालिकाको सामाजिक सुरक्षा वितरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा प्राप्त गर्ने विभिन्न वडाका विवरण मध्ये मृत्युपश्चात मृत्यु दर्ता भएका निम्न लाभग्राहीको विवरण मृत्यु दर्ता किताबमा उल्लेख छ ।पालिकाबाट प्राप्त तथ्यांकबमोजिम निजहरुको नाममा सामाजिक सुरक्षा रकम रु ९३३९० भुक्तानी भएको देखिएकोले मृत्यु भैसकेका लाभग्राहीको लगत कट्टा एवं खाता बन्द गरी भुक्तानी भएको रकम फिर्ता दाखिला हुनुपर्दछ ।	९३,३९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४.२			**सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:** **(क) लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ । **(ख) पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ । **(ग) नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ । **(घ) सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन । **(ङ) अनुगमन तथा निरीक्षण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ । **(च) निस्कृय खाता:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।	
५५			अनुगमन लेखापरीक्षण: गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ती नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको आर्थिक वर्ष २०७७।७८ सम्म रु. ७ करोड १२ लाख १७ हजार बेरुजु बाँकी रहेकोमा बेरुजु फस्र्योट गरी लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश गरेको छैन । बाँकी बेरुजु फस्र्योट गर्न पालिका थप क्रियाशिल बन्नु पर्दछ ।	